फोन/फयाक्स ०७८-४१८१५१
वेब:csionawalpur.gov.np

प्रदेश सरकार
पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**घरेलु तथा साना उद्योग कार्यालय**
नवलपरासी (व.सु.पुर्व ), गण्डकी प्रदेश, नेपाल

मिति: २०७९।०४।०१

## प्राईभेट फर्मको दर्ता दस्तुर छुट सम्बन्धमा सूचना !

उद्योग, व्यापार वा व्यवशाय दर्ता, नवीकरण गर्ने सम्बन्धमा गण्डकी प्रदेश प्राईभेट फर्म दर्ता ऐन, २०७८ तथा नियमावली, २०७९ कार्यान्वयनमा रहेको व्यहोरा सबैको जानकारीका लागि अनुरोध छ।

उल्लेखित कानूनको अधीनमा रही प्राईभेट फर्म दर्ता गर्दा लाग्ने दर्ता दस्तुर सम्बन्धमा **अपाङ्ग, दलित समुदाय, विपन्न वर्ग, पिछडिएको क्षेत्र वा सीमान्तकृत समुदाय**को हकमा **नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट जारी गरिएको प्रमाणपत्रको प्रतिलिपि** सहित दर्ताका लागि पेश गर्दा पहिलो पटकका लागि पचास प्रतिशत छुट हुने व्यहोरा जानकारीका लागि अनुरोध छ।

प्राईभेट फर्म दर्ता गर्दा लाग्ने दस्तुर देहायबमोजिम उल्लेख गरिन्छः

| क्र.सं. | प्राईभेट फर्मको पूँजी | दर्ता दस्तुर(रु.) | छुट पश्चातको दस्तुर(रु.) |
|---|---|---|---|
| १ | १० लाख रुपैंया सम्म | १,००० | ५०० |
| २ | १०- ५० लाख रुपैंया सम्म | ५,००० | २,५०० |
| ३ | ५० लाख- १ करोड रुपैंया सम्म | १०,००० | ५,००० |
| ४ | १ करोड- १० करोड रुपैंया सम्म | ५०,००० | २५,००० |
| ५ | १० करोड रुपैंया भन्दा बढी | ७५,००० | ३७,५०० |

२०७९/०४/०१

कार्यालय प्रमुख

प्रदेश सरकार
पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

नवलपरासी (व.सु.पुर्व ), गण्डकी प्रदेश, नेपाल

## प्राईभेट फर्मको नवीकरण सम्बन्धमा सूचना !

उद्योग, व्यापार वा व्यवशाय दर्ता, नवीकरण गर्ने सम्बन्धमा गण्डकी प्रदेश प्राईभेट फर्म दर्ता ऐन, २०७८ तथा नियमावली, २०७९ कार्यान्वयनमा रहेको व्यहोरा सबैको जानकारीका लागि अनुरोध छ।

उल्लेखित कानूनको अधीनमा रही प्राईभेट फर्म नवीकरण सम्बन्धमा निम्नलिखित व्यवस्था रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ।

**१) प्राईभेट फर्मको नवीकरण प्रत्येक दुई वर्षमा गर्नुपर्नेछ।**

**२) फर्मको नवीकरणका लागि देहायका कागजात सहित निश्चित ढाँचामा निवेदन दिनुपर्छः**

- फर्म दर्ताको सक्कल प्रमाण पत्र,
- आयकर (स्थायी लेखा नम्बर) दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- अघिल्लो आ.व. को कर तिरेको प्रमाण पत्र वा निस्सा,
- पचासलाख रुपैंया वा सोभन्दा बढी पुंजी भएको प्राईभेट फर्मको हकमा लेखा परीक्षण प्रतिवेदन।

**३) फर्मको नवीकरण गर्दा लाग्ने दस्तुर सम्बन्धमाः**

- दर्ता दस्तुरको दश प्रतिशत
- तोकिएको समयमा नवीकरण नभई नवीकरण गराउन नसकेको मनासिव कारण देखाई सो अवधि समाप्त भएको मितिले एक वर्षभित्र नवीकरणको लागि दरखास्त दिएमा र त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा मनासिव कारण देखिएमा देहायको दस्तुर लिई नवीकरण गरिनेः

| | |
|---|---|
| अवधि समाप्त भएको ३६ औं दिन देखि ९० दिनसम्मको लागि | साधारण दस्तुरको दोब्बर दस्तुर |
| अवधि समाप्त भएको ९१ औं दिन देखि १ वर्षसम्मको लागि | साधारण दस्तुरको तेब्बर दस्तुर |

**४) नवीकरण गर्ने म्याद समाप्त भई नवीकरण हुन नसकेका फर्मको नवीकरण सम्बन्धमा ऐन प्रारम्भ भएको मिति २०७८ असोज ८ ले एक वर्ष भित्र नवीकरण गर्न सकिनेछ।**

**५) बुँदा नं. ०४ बमोजिम नवीकरण गर्ने सम्बन्धमाः**

| | |
|---|---|
| बीस लाख सम्म पुँजी भएको प्राइभेट फर्मको हकमा | प्रत्येक नवीकरण अवधिको लागि नवीकरण दस्तुरको तेब्बर दस्तुर र प्रत्येक वर्षका लागि थप दुई हजार पाँच सय रुपैंया |
| बीस लाख भन्दा बढी पुँजी भएको प्राइभेट फर्म | प्रत्येक नवीकरण अवधिको लागि नवीकरण दस्तुरको तेब्बर दस्तुर र प्रत्येक वर्षका लागि थप पाँच हजार पाँच सय रुपैंया |

*नवीकरण गर्न पेश गरिने निवेदन दस्तुर वापत थप एक सय रुपैंया लाग्नेछ।

*फर्मको नवीकरण नहुनुको कारण मनाशिव नलागेमा त्यस्ता फर्मको नवीकरण नगरिने। साथै, तोकिएको अवधिभित्र नवीकरण नहुने फर्मको खारेजी गर्न सकिने।